# श्री छतिवन सामुदायिक वन उपभोक्ता समुह
## जानकी गाउँपालिका वडा नं ९, कैलाली

## काठ लिलाम विक्री सम्वन्धि विस्तृत विवरण सहितको सुचना ।।।

(सौर्य राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित मिति २०७९/०१/२७)

उपरोक्त विषयमा यस सामूदायिक वन उपभोक्ता समूहको सामुदायिक वन क्षेत्रवाट आ.व. २०७८।०७९ को बार्षिक कार्य योजना वमोजिम ढलापडा रुखहरुबाट संकलन भै सा.व.उ.स.कम्पाउण्डमा घाटगद्दी भएको खयर, सिसम, सिमल, हल्दु, जामुन, अस्ना जातका गोलिया काठ तपशिल वमोजिमको लट कायम गरी जे जस्तो अवस्थामा छ । सोही अवस्थामा सिलवन्दी वोलपत्रद्धारा लिलाम विक्री गर्नु परेको हुंदा मूल्य अभिवृद्धि करमा दर्ता भएका काठ व्यवसायी फर्म वा उद्योगले मात्र निम्न शर्तको अधिनमा रही यो सम्वन्धि सुचना सौर्य राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले २१ दिन भित्र डिभिजन वन कार्यालय पहलमानपुर, कैलाली र यस सामूदायिक वन उपभोक्ता समूहको कार्यालयवाट वोलपत्र खरीद गरी २२ औं दिनको ३.०० वजे भित्र यस सा.व.उ.स. कार्यालयमा सिलवन्दी वोलपत्र दाखिला गर्न हुन सम्वन्धित सवैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएका छ ।

तपसिल

| सि.नं. | लट नं./आ.व. | घाटगद्दी स्थान | जात | ग्रेड | थान | परिमाण क्यु.फि. | न्युनतम मूल्य रु. | लागत खर्च प्रति क्यु.फि |
|---|---|---|---|---|---|---|---|---|
| १ | १/२०७८/०७९ | सा.व.उ.स. कम्पाउण्ड | अस्ना | ए | ५ | ११८.८९ | ३०० | १८० |
| | | | अस्ना | वि | ४ | २४.१४ | २०० | |
| | | | जामुन | ए | २ | २६.८४ | ३०० | |
| | | | जामुन | वि | २ | १४.९५ | २०० | |
| | | | हल्दु | ए | ३ | ३०.१८ | ३०० | |
| | | | हल्दु | वि | १३ | ५६.६३ | २०० | |
| | | | सिसौ | वि | ८ | २७.७८ | ८०० | |
| | | | सिमल | | १८ | २७३.५२ | १२५ | |
| जम्मा | | | | | ५५ | ५७२.९३ | | |
| २ | २/२०७८/०७९ | सा.व.उ.स. कम्पाउण्ड | खयर | | २२८ | ७४४.९ | १३७० | |
| ३ | ३/२०७८/०७९ | | खयर | | २१८ | ७३६.६९ | | |
| ४ | ४/२०७८/०७९ | | खयर | | २२८ | ७३१.५३ | | |
| ५ | ५/२०७८/०७९ | | खयर | | २२९ | ७२२.७४ | | |
| जम्मा | | | | | ९०३ | २९३५.८६ | | |
| कुल जम्मा | | | | | ९५८ | ३५०८.७९ | | |

# श्री छतिवन सामुदायिक वन उपभोक्ता समुह

जानकी गाउँपालिका वडा नं. ८ र ९, कैलाली

शर्तहरु

१.यो सम्वन्धि सुचना सौर्य राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित मितिले २१ दिन भित्रमा मू.अ.कर दर्ता भएका काठ व्यवसायी, फर्मले रु १०००।०० (फिर्ता नहुने गरि) तिरी डिभिजन वन कार्यालय पहलमानपुर, कैलाली र यस सा.व.उ.स को कार्यालयबाट वोलपत्र फाराम २१ औ दिनको ३:०० बजे भित्र खरिद गर्न सकिनेछ ।

२.आफूले सकार गरेको अंकको १०% ले हूने धरौटी बापतको रकम सा.व.उ.स.को नाममा रहेको **श्री राष्ट्रिय वाणिज्य बैक लम्की शाखाा हि.नं.४४५०१०००००५८२००१** मा जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त बैकको ६ महिनाको वैक ग्यारेण्टी, मू.अ.करमा दर्ता भएको प्रमाणपत्र, काठ व्यवसायीको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी समेत वोलपत्रसाथ संलग्न गरी शिलबन्दी वोलपत्र पेश गर्नु पर्नेछ ।

३. वोलपत्र खरिद गर्ने अन्तिम दिन वा वोलपत्र दाखिला गर्ने अन्तिम दिन बिदा परेमा क्रमशः कार्यालय खोल्ने दिनमा उपरोक्त समयमा नै वोलपत्र विक्री, दर्ता, खोल्ने कार्य हूनेछ ।

४. वोलपत्र दाताले वोलपत्रमा आफ्नो नाम ठेगाना लेखी दस्तखत गरी फर्म वा संस्थाको छाप समेत लगाई खाममा राखी शिलबन्दी गरी खामको बांया तर्फ आफ्नो नाम ठेगाना लेखी फर्म वा संस्थाको छाप समेत लगाई दायाँतर्फ वोलपत्र पेश हूने कार्यालयको नाम, विषय र लट नं उल्लेख गरी वोलपत्र पेश गर्नू पर्नेछ ।

५. वोलपत्र पेश गर्दा आफूले सकार गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

६. सिलवन्दी वोलपत्रहरु सुचना प्रकाशित भएका मितिले २२ औ दिनको ३.०० वजे भित्रमा डिभिजन वन कार्यालय पहलमानपुर, कैलाली र यस सा.व.उ.स को कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ ।

७. निर्धारित म्याद भित्र रितपूर्वक दर्ता हून आएका वोलपत्र सुचना प्रकाशित भएका मितिले २३ औ दिनको ११.०० वजे (वोलपत्रदाता वा निजको प्रतिनिधि नभएमा पनि) नियमानूसार यस सा.व.उ.स.को कार्यालयमा बोलपत्र खोलिनेछ ।

८. पर्न आएका वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस समूहको कार्य समितिमा निहित रहने छ । म्याद नाघि आएको वा शर्त राखेको र रीत नपूगेको वोलपत्र उपर कूनै कारबाही हूने छैन ।

९.वोलपत्र स्वीकृत भएको सुचना वोलपत्र खोलिएको मितिले वढीमा ७ दिन भित्र यस सा.व.उ.स.को कार्यालयमा सुचना पार्टिमा टांस गरिने छ। यो सुचना टांस भएको मितिले १५ दिन भित्र सम्बन्धित सकारकर्ताले सकार रकम जम्मा गर्नू पर्नेछ । तोकिएको म्याद भित्र रकम जम्मा नगरेमा उक्त लटको लागी राखेको धरौटी नियमानूसार जफत गरी १० भित्र परेका क्रमशः दोस्रो, तेस्रो र चौथोलाई रकम दाखिला गर्न सुचना प्रकाशित गरिने छ । सो को जानकारी सकारकर्ता स्वयंमले लिनू पर्नेछ ।

१०. वोलपत्रदाताले काठ हेर्न चाहेमा उपभोक्ता समूहको धँटगद्धीमा हेर्न सकिने छ ।

११. सकारकर्तालेे सकार गरेको सकार रकमको अतिरिक्त नियमानूसार लाग्ने मू.अ.कर, संकलन खर्च रकम समेत थप दाखिला गर्नू पर्नेछ ।

१२.अन्य जानकारीका लागी कार्यालय समयमा यस सा.व.उ.स.को कार्यालयमा तथा डिभिजन वन कार्यालय पहलमानपुर,कैलालीमा सम्पर्क राख्न सकिने छ ।

ईति सम्बत् २०७९ साल बैशाख महिना २७ गते रोज ३ शूभम् ।

CamScanner